# हरिनगर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## हरिनगरा, सुनसरी
कोशी प्रदेश, नेपाल

## आन्तरिक आय संकलन ठेक्का सम्बन्धि शिलबन्दी प्रस्ताव आव्हानको सूचना
### प्रथम पटक प्रकाशित मिति २०८१/०४/२४

हरिनगर गाउँपालिकाको आन्तरिक आय बन्दोवस्त गर्न गाउँपालिकावाट स्विकृत दर रेटमा तपशिल बमोजिम ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीवाट देहायका शर्तहरुको अधिनमा रही रीतपुर्वकको शिलबन्दी प्रस्ताव दाखिला गर्न यो सूचना प्रकाशन गरिएको छ।

शर्तहरु :

१. यो सूचना प्रथम पटक प्रकाशन भएको मितिदेखि मिति २०८१/०५/०६ गते सम्म कार्यालय समय भित्र तपशिलमा उल्लेख भए बमोजिम प्रस्ताव फाराम दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी यस कार्यालयको राजस्व इकाईबाट प्रस्ताव फाराम खरिद गर्न सकिने छ।

२. खरिद गरिएको प्रस्तावमा उल्लेख भएका सवै विवरणहरु प्रष्टसंग अध्ययन गरी सम्वन्धित आधिकारिक व्यक्तिले प्रत्येक पानामा सही छाप गरेर शिलबन्दी गरी खाम वाहिर ठेक्काको नाम, ठेक्का नं., प्रेषकको नाम र ठेगाना प्रष्टसंग लेखी मिति २०८१/०५/०७ गते दिनको १२:०० वजे भित्र हरिनगर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा दर्ता गराइ सक्नु पर्नेछ। यसरी दर्ता भएका प्रस्तावहरु सोही दिन दिनको ०१:०० वजे उपस्थित प्रस्तावदाता वा निजको प्रतिनिधि र सरकारी कार्यालयको प्रतिनिधिको उपस्थितिमा यस कार्यालयमा खोलिनेछ। प्रस्तावदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा प्रस्ताव खोल्न बाधा पर्ने छैन।

३. एक व्यक्ति वा फर्मको नाममा खरिद गरेको प्रस्ताव फाराम अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन। प्रस्ताव फारम साथ व्यक्तिले ना.प्र.प.को प्रतिलिपि तथा PAN दर्ता प्रमाण पत्र, फर्म वा कम्पनीले फर्म इजाजत पत्रको प्रतिलिपि, आन्तरिक राजश्व कार्यालयबाट पान/भ्याटमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी आ.व. को आयकर चुक्ता प्रमाण पत्र समेत बोलपत्र फाराम खरिद समयमै पेश गर्नु पर्ने छ।

४. प्रस्ताव फाराम खरिद गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट अर्थात कार्यालय खुलेको दिन सोही समयमा प्रस्ताव फारम बिक्री गर्ने, दर्ता गर्ने र खोल्ने कार्य हुनेछ।

५. प्रस्ताव साथ आफुले कवोल गरेको अंकको ५ प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको नाममा रहेको हरिनगरा स्थित कृषि विकास बैंक लि. को हि.नं.०६०२४०१३१११७१०४१ खातामा जम्मा गरेको सक्कलै भौचर वा नेपाल राष्ट्र बैंकवाट मान्यता प्राप्त बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा नंब्बे दिन म्याद भएको बैंक जमानीपत्रको सक्कल प्रति संलग्न राख्नु पर्नेछ।

६. प्रस्ताव फाराम भर्दा आफुले कवोल गरेको रकम अंक र अक्षरमा प्रष्ट हुने गरी उल्लेख भएको हुनु पर्नेछ। अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

७. प्रस्ताव स्विकृत भएको जानकारी प्राप्त भएको मितिले ७ (सात) दिन भित्र कबोल अंकको रकम अनिवार्यरुपमा एकमुष्ट बुझाई सम्झौता गरिसक्नु पर्नेछ कबोल रकम एकमुष्ठ बुझाउँदा सो रकममा १० (दश) प्रतिशत छुट दिइनेछ र उक्त अवधि भित्र सम्झौता गर्न नआएमा नियमानुसार कारवाही अगाडि बढाईनेछ ।

८. प्रस्ताव पेश गर्दा प्रस्तावदाताको तर्फवाट कुनै किशिमको शर्त मान्य हुने छैन। शर्त सहितको प्रस्ताव, रीत नपुगी वा म्याद नाघी आएको प्रस्ताव उपर कुनै कार्यवाही हुने छैन।

९. असुली गर्नु पर्ने करको दररेट विवरण तथा ठेक्कापट्टा सम्बन्धी थप शर्तहरु प्रस्ताव फारम साथ उपलब्ध गराईने छ।

१०. प्रत्येक ठेक्काको छुट्टाछुट्टै प्रस्ताव फारम खरिद गरी छुट्टाछुट्टै पेश गर्नु पर्नेछ।

११. यस कार्यालयलाई रकम बुझाउनु पर्ने बाँकी बक्यौता रहेको व्यक्ति, फर्म वा कम्पनीले बाँकी बक्यौता नबुझाए सम्म यो ठेक्का प्रक्रियामा भाग लिन पाउने छैन।

१२. यो सुचना बमोजिम पर्न आएका कुनै वा सबै प्रस्ताव कुनै कारण जनाई वा नजनाई स्विकृत वा अस्विकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा हुनेछ ।

१३. कर असुली गर्ने रसिदहरु ठेकेदारले आफ्नै तर्फबाट छपाई गरी यस कार्यालयबाट प्रमाणित गराई कर असुली गर्नुपर्ने छ र कर असुली सम्बन्धी सूचना पाटी ठेकेदार आफैले राख्नु पर्नेछ।

१४. धरौटी वापत जम्मा गरिएको रकम ठेक्का रकममा समायोजन हुने छैन।

१५. नेपाल सरकार वा अन्य निकायलाई कानून बमोजिम तिर्नु पर्ने आयकर, मूल्य अभिवृद्धि कर, दस्तुर वा रकम ठेकेदार आफैले बुझाउनु पर्नेछ।

१६. कुनै ठेक्काको कर उठाउन नेपाल सरकार, प्रदेश सरकारवाट रोक लगाएमा सोही बमोजिम हुनेछ।

१७. यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

१८. प्रस्ताव सम्बन्धी केहि कुरा वुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयको राजश्व इकाईमा सम्पर्क राखी बुझ्न सकिने छ।

तपशिल

| सि. न. | ठेक्का नं. | ठेक्काको नाम | न्युनतम ठेक अंक रकम | प्रस्ताव फाराम दस्तुर | ठेक्का अवधि |
|---|---|---|---|---|---|
| १ | हरिनगर/राजस्व/०१/०८१/०८२ | घुर्स्की बजारको हाट कर | ३०,२००।०० | १,०००।०० | २०८१/०५/१६ देखि एक वर्ष सम्म |
| २ | हरिनगर/राजस्व/०२/०८१/०८२ | रामनगर भुटाहा बजारको हाट कर | १,६५,६००।०० | १,०००।०० | २०८१/०५/१६ देखि एक वर्ष सम्म |
| ३ | हरिनगर/राजस्व/०३/०८१/०८२ | हरिनगरा बजारको हाट कर | १,७५,५००।०० | १,०००।०० | २०८१/०५/१६ देखि एक वर्ष सम्म |